# ब्यासँ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सुन्सेरा, दार्चुला

७ नम्बर प्रदेश नेपाल

फोन नं. ९८४९७६०३६०
फ्याक्स नं.
web: www.vyansmun.gov.np
email : itvyans07@gmail.com
itovyansmun@gmail.com


प.सं. : ०७४/७५
च.नं. :

मितिः २०७४/१२/२०

## दरभाउ पत्र आह्वान सम्बन्धि सुचना

यस कार्यालय ले आ.व. २०७४/०७५ मा फर्निचर फिक्चर्स तथा मेसिनरी औजार खरिद कार्य गराउनु परेकोले तपशिल बमोजिमको शर्तहरूको अधिनमा रही इच्छुक फर्म तथा सप्लायहरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशिल उल्लेखित रकम फिर्ता नहुने गरी आ.ब. २०७४/०७५ को लागि नबिकरण गरिएको कम्पनी वा फर्म इजाजत दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा प्रमाण पत्र र आ.ब. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी यस कार्यालय बाट खरिद गर्न सकिने छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | खरिद विधि | लागत अनुमान रू. मु.अ. कर बाहेक | बोलपत्र/दरभाउ पत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | 05/Rurural municipality byans sunsera 2074/075 | फर्निचर फिक्चर्स तथा मेसिनरी औजार समान सप्लाई सम्बन्धि कार्य | सिलबन्दी दरभाउ पत्र | १७६८५००।- | १०००।- | ५३१००।- |

सर्तहरूः

१. १६ औं दिनको १२:०० बजे सम्म दर्ता र २:०० बजे खोल्ने कार्य हुनेछ। तोकिएको मिति र समयमा प्राप्त दरभाउ पत्र दाता वा निजको प्रतिनिधीको रहोबरमा गाउँपालिकाको कार्यालयमा खोली मुचुल्का तयार गरिने छ । दरभाउ दाता र निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ खोल्न बाधा पुग्ने छैन ।

२. सिलबन्दी बोलपत्र / दरभाउ पत्रको लागि माथी उल्लेख गरे बमोजिमको धरौटी रकम यस कार्यालयको रा.बा. बैंक दार्चुला शाखामा रहेको धारौटी हि.नं. ४०९०३०४०१८११० मा दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्रको हकमा कम्तीमा १२० दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त "क" बर्गको बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको बैंक ग्यारेन्टी (बिड बण्ड) पेश गर्नु पर्ने छ ।

३. दरभाउ खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन माथि उल्लेख गरिएकै समय भित्र उक्त कार्य गरिने छ ।

४. दरभाउ पत्र फारममा मुल्य अभिबृद्धि कर बाहेकको रकम अंक र अक्षरमा स्पष्ट संग लेखि सिलबन्दी गरी बाहिर खाममा आफुले गर्ने कामको नाम लेखि यस कार्यालयमा बुझाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

५. रित नपुगेको वा म्याद नाधी पर्न आएको दरभाउ पत्र उपर कुनै कारवाहि गरिने छैन । शर्त सहितको बोलपत्र मान्य हुने छैन ।

६. दरभाउ पत्र स्वीकृत गर्ने नगर्ने वा आंशिक रूपमा स्वीकृत गर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र ब्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भन्ने लिखित धोषण गरेको कागजात बोल पत्र साँथ अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ ।

८.एक फर्मको नाममा खरिद गरेको दरभाउ पत्र अर्को फर्मको नाम बाट दाखिला गर्न पाईने छैन ।

९. यस सुचनामा उल्लेख भएकोमा सोहि बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

नि. प्रमुख प्रशासकिय अधिकृत
ब्याँस गाउँपालिका सुन्सेरा, दार्चुला